● अनुरोध: यो टाँस्ने पत्रिका हो। सबैले पढ्न मिल्ने गरी भित्तामा टाँसिदिनुहोला।


# जूनकीरी

मासिक भित्ते पत्रिका

वर्ष– २, पूर्णाङ्क– १९, भदौ २०६२, (August, 2005) काठमाडौं


## एक कुनामा पाँचवटा कक्षा, अर्कोमा कार्यालय

पाल्पा। एकातिर ए, बी, सी, डी, क, ख, ग र १, २ ,३ लेखिएका पोष्टर र कालो पाटी ठडिएको छ। छेउमै सिलाईको मेसिन छ भने अर्को कुनामा टेबुल, कुर्सी तथा कागजपत्र राखिएका छन्। एक कक्षादेखि पाँच कक्षासम्म त्यही एकै ठाउँमा पढाई हुन्छ।

एकजना शिक्षकले एकपछि अर्कोको होमवर्क हेर्दाहेर्दै दिन बित्ने गरेको छ। तानसेनस्थित बालकल्याण समितिले सञ्चालन गरेको पूर्णदिवसीय असहाय बाल शिक्षा कार्यक्रम तीन वर्षदेखि यसैगरी चलेको छ। समितिका अध्यक्ष राधा भारतीका अनुसार, विद्यालयले कोठा भाडा तिर्न नसक्ने भएकोले यसैगरी कार्यालय र पढाई एकै ठाउँमा गर्नुपरेको हो।

"केन्द्रबाट पैसा आउँदैन, आएको पैसाले पनि एक छेउ लाग्दैन," अध्यक्ष भारतीले भनिन्, "दुःख-सुख बालबालिकाले पढ्न पाएका छन्।" यहाँ कक्षा १ देखि ५ कक्षासम्म अनौपचारिक पढाई हुनेगर्छ। सडकमा खेलेर हिंड्ने, अर्काको घर, होटलमा काम गर्ने र त्यस्तै असहाय बालबालिकाले पढ्न पाउन् भनी समितिले अधिराज्यमै पहिलोपटक यस्तो कक्षा सञ्चालन गरेको थियो।



तानसेनस्थित बालकल्याण समितिले सञ्चालन गरेको पूर्णदिवसीय असहाय बाल शिक्षा कार्यक्रमका विद्यार्थी र शिक्षिका।

१५ वर्ष मुनिका यस्ता बालबालिकालाई प्राथमिक तहको शिक्षा प्रदान गर्न यो कक्षा सुरु गरिएको हो। यहाँ पढ्ने बालबालिकालाई सरकारी विद्यालयलमा लगी परीक्षा दिने व्यवस्था मिलाइन्छ। यहाँ ९० जना भर्ना भएपनि नियमित कक्षा लिन २१ जना मात्र आउने गरेका छन्।

"एउटै कक्षामा ५ कक्षा सम्मकालाई पढाउन समस्या नै हुन्छ," शिक्षिका कल्पना भटराई भन्छिन्, "समितिको आफ्नै बाध्यताले पनि होला, हामीलाई जसरी भनियो त्यसरी पढाउनै पऱ्यो। बिहान ७ बजेदेखि साँझको ६ बजेसम्म यहाँ पढाई हुनेगर्छ। जुन समयमा फुर्सद मिल्यो त्यही समयमा नै पढ्न आउन विद्यार्थीलाई अनुरोध गरिन्छ।"

विद्यालय सञ्चालनमा सुरुका दिनमा निकै समस्या भोग्नुपरेको अध्यक्ष भारतीले बताइन्। यहाँ बहुकक्षा प्रणालीद्वारा पढाइएको छ। आर्थिक अभावका कारण एकदेखि पाँचसम्मको पढाई र कार्यालय एउटै कक्षामा सञ्चालन गर्नुपरेको हो। "यहाँ पढेर पासगरी अर्को विद्यालयमा जान लागेको खर्चसमेत समितिले व्यहोर्ने गरेको छ," भारतीले भनिन्, "यहाँ पढेकाले राम्रो गरे भने एसएलसीसम्म सहयोग गरिन्छ।"

यहाँ अध्ययन गर्न आएपछि बानीमा सुधार आएको तर अरुको घरमा काम गर्नेहरूले समय दिन नसक्ने र होटलमा काम गर्नेहरू नआउने समस्या भएको शिक्षिका प्रदिता कर्माचार्य बताउँछिन्। पढाउने शिक्षिकालाई पनि अत्यन्त न्यून रकममा स्वयंसेवकको रुपमा राखिएको छ। यो कार्यक्रम सञ्चालन गर्न मासिक १० हजार रुपैयाँ खर्च हुने भएपनि सरकारले वार्षिक १५ हजार रुपैयाँ मात्र दिने गरेको अध्यक्ष भारतीले बताइन्। उनले भनिन्, "सबैसँग हात फिँजाएर सहयोग जुटाएका छौं।"

● माधव अर्याल

## तेल र खाजाका लागि बालबालिकाको ओइरो

नुवाकोटको माल्चे, गाउँखर्क, बेतीनी, घ्याङफेदी, काल्चे, भमरा, दाङसिङ्ग, तलाखु लगायतका गाउँका अभिभावकहरू आजभोलि आफ्ना छोरीहरूलाई विद्यालय पठाउन हौसिएका छन्। विद्यालय पठाउँदा आफ्ना छोरीहरूले पढ्न पनि पाउने अनि महिनामा दुई लिटर तेल पनि आउने। यसलेगर्दा अभिभावकहरूले छोरीलाई विद्यालय पठाउन चासो देखाएका छन् भने विद्यालयमा पौष्टिक आहार पनि बाँडिने हुँदा नानीहरू विद्यालय जान अग्रसर देखिएका छन्।

नुवाकोटको वेतीनीकी ठूलीमाया तामाङले आफ्ना छोरीहरूलाई विद्यालय पठाएकी छिन्। आठ सन्तानकी आमा ठुलीमायाले सबै छोराछोरीलाई समान शिक्षा दिन नसके पनि अहिले घरको काम सबै आफैंले गरेर भएपनि छोरीहरूलाई विद्यालय पठाउन थालेकी हुन्। उनी छोरीहरूले पढ्न पनि पाउने र भुटुन खान तेल पनि पाउने भएकाले छोरी पढाउन हौसिएको बताउँछिन्। विदुरकी सानीनानी विश्वकर्माका नातिनातिना पनि अहिले स्कुल जान्छन्। उनीहरू तीन कक्षामा पढ्छन्। केटाकेटी हलुवा खान पाइन्छ भनेर स्कुल जान रहर गर्छन्, उनले भनिन्।



तेल र खाजा कार्यक्रमका कारण विद्यार्थीहरूमा उत्साह देखिन्छ।

नुवाकोट जिल्लामा पौष्टिक आहार र खाने तेल वितरण गर्ने कार्यक्रम लागू भएपछि यहाँका अभिभावकले छोरीलाई विद्यालय पठाउनमा जोड दिन थालेका हुन्। छोरीलाई स्कुल पठाएपछि महिनामा दुई लिटर तेल विद्यार्थीका अभिभावकले पाउँछन् भने पाँच कक्षासम्म पढ्ने केटाकेटीहरूलाई दिउँसोको खाजा पनि दिइन्छ। तेल पाउनका लागि महिनामा २४ दिन छात्रा विद्यालयमा हाजिर हुनुपर्छ। विद्यालयमा खाजा दिन थालेपछि केटाकेटीहरू नियमित रुपमा विद्यालय जाने र छुट्टी भएपछि मात्र घर फर्कने गर्न थालेका छन्। तेल वितरण गरिएपछि कोही अभिभावकहरू घरको गर्जो टार्न केही सुविधा भएको बताउँछन् भने कोही अभिभावकहरू चाँहि दिएको सुविधालाई उपभोग मात्र गरेको बताउँछन्। स्थानीय शिक्षक गणेशप्रसाद पाण्डे पौष्टिक आहार कार्यक्रम सञ्चालन गरिएका विद्यालयमा छात्राहरूको संख्या हर्लक्क बढेको बताउँछन्।

तेल र खाजा कार्यक्रम लागू गरेपछि नुवाकोटका अभिभावकले सबै काम छोडेर भएपनि बालबालिकालाई विद्यालय पढ्न पठाएका छन्। पौष्टिक आहारा इकाई नुवाकोटका फिल्ड सुपर भाइजर लीला सुवेदी नुवाकोट जिल्लाको पहाडी क्षेत्रका अभिभावकहरू यस कार्यक्रमबाट बढी आकर्षित बन्न पुगेको बताउँछन्। जुन क्षेत्रमा धान कम फल्ने गर्छ त्यस्ता क्षेत्रका अभिभावकहरू पौष्टिक आहार र तेल पाउने आशामा छोरीहरूलाई विद्यालय पठाउने गर्छन्- उनी भन्छन्। यद्यपि तेल पाउनाकै लागि एउटै कक्षा दोहोऱ्याएर पढ्ने र विद्यार्थीलाई कक्षा नचढाउने प्रवृत्ति पनि देखिएको फिल्ड सुपर भाइजर सुवेदीको दावी छ।

दुर्गम क्षेत्रका विद्यार्थीहरूलाई विद्यालयमा आकर्षित गराउन २०५९ सालदेखि नुवाकोटमा पौष्टिक आहार कार्यक्रम सुरु गरिएको हो। विद्यालयमा विद्यार्थी संख्या र नियमित उपस्थिति बढाउने उद्देश्यले यो कार्यक्रम लागू गरिएको हो। त्यसमा पनि तेल वितरण गरेर छोरीहरूलाई विद्यालय पठाउन अभिभावकलाई प्रेरित गर्ने उद्देश्य राखिएको प्रमुख जिल्ला अधिकारी कृष्ण कार्की बताउँछन्। 'सबैका लागि शिक्षा'को विश्वव्यापी अभियानको लक्ष्य पूरा गर्नका लागि अमेरिकी सरकारको सहयोगमा शिक्षाको लागि विश्वव्यापी खाद्य कार्यक्रम अन्तर्गत नुवाकोटमा यो कार्यक्रम सञ्चालन गरिएको छ।

● तुला अधिकारी



### नातिनातिनासँगै कैलु

*सप्तरी जिल्लाको पसेरा गाविस वडा नं. ५ निवासी कैलु सदा मुसहर ५८ वर्षको उमेरमा कक्षा १ मा भर्ना भएका छन्। विद्यालय स्वागत कार्यक्रम सञ्चालन भएपछि सदा कक्षा एकमा भर्ना भएका हुन्। "भर्ना अभियान सञ्चालन भएको देखेपछि पढ्ने रहर लाग्यो त्यसैले जेठदेखि विद्यालयमा गएर भर्ना भएँ," -कैलु सदा सुनाउँछन्। दलितहरूलाई छात्रवृत्ति दिइने जानकारी पाएका सदा अक्षर नचिनेको कारण अरुले हेप्ने गरेकोले आफूलाई कक्षा ५ सम्म पढ्ने रहर लागेको बताउँछन्।*

● *शिवहरि भट्टराई*

## झलकहरू

### माछा मारेर पढाई खर्च जुटाउँछन्



बबई नदीमा माछा मार्दै राजी बाल-बालिकाहरू।

शंकर खनाल/सुर्खेत

*तस्वीर : लेखक*

छिन्चु गाउँ विकास समिति, वडा नं. १ हात्तीखल्लाका १२ वर्षीय झलक राजी नदीमा माछा मारेर आफ्नो पढाई खर्च जुटाउँछन्। बर्दिया र सल्यान जिल्लाको सिमानामा रहेको सुर्खेतको बबई नदीको किनारमा रहेको हात्तीखल्ला गाउँका यी बालक स्कूल समयबाहेक नदीमा माछा मार्न जान्छन् र नजिकैको चेपाङ बजारमा माछा बेचेर आफ्नो लागि शैक्षिक सामग्रीका साथै स्कूलमा लाग्ने खर्च जुटाउँछन्।

छिमेकी गाउँ बर्दियाको बेलुवा -७ स्थित लक्ष्मी प्रस्तावित निम्न माध्यमिक विद्यालय चेपाङ बस्तीमा कक्षा ६ मा अध्ययनरत झलक प्रायः साँझको समयमा माछा मार्न जाने गरेको बताउँछन्।

माछा मारेर झलकको पढाइमा न त बाधा पुगेको छ न त माछा बेच्न जाँदा नै बिग्रिएको छ। बिहानभरी माछा मारेर उनी स्कूल छेउमै रहेको बजारमा माछा बेच्ने गर्छन्। उनी भन्छन्, "मैले मेरो पढाई खर्च आफैं निकालिरहेको छु। आधा किलोदेखि एक किलोसम्म माछा मार्ने गरेको छु।

माछा मार्ने आफ्नो जातिको पुर्ख्यौली पेशामा उनी विगत २ वर्षदेखि मात्र आबद्ध रहँदै आएका छन्। बुबा नरे राजी बिरामी भएकाले उनको पढाईको जिम्मेवारी बढेको हो।

झलककी आमा देवी भन्छिन्, "यो बालखले (बालक) के माछा मान्या थियो ? बाबु बिरामी हुँदा कहिले काँही चटनी खाने र आफ्नो पढाई खर्च जुटाउन्या गरेको छ।"

त्यसो त झलक मात्र होइन सोही गाउँका १३ वर्षीय सन्तोष राजीलगायतका राजी बालबालिकाहरू स्कूल समयभन्दा बाहेकको समयमा माछा मार्न जान गरेका छन्। यो उनीहरूको रहर मात्र नभएर बाध्यता पनि हो। उनीहरू स्कूलबाट फर्किने बित्तिकै हात-हातमा बल्छी र चेउधी बोकेर नजिकै रहेको बबई नदीमा माछा मार्न जान्छन्। सो बस्तीमा पाँच घर राजीका रहेका छन्। ऐलानी जग्गामा बस्दै आएका राजीहरूको जिविकोपार्जन नदीका माछा बेचेर नै भइरहेको छ। ■

## भागिरथीको पढ्ने धोको



डडेल्धुरा। भागिरथी कुमारी कामी १६ वर्षकी भइन्। उनी सरस्वती निमावि असिग्राम -७, भातकाँडामा सात कक्षामा पढ्छिन्। विद्यालयकै इतिहासमा उनी हालसम्म धेरै कक्षा पढ्ने गाउँकै एक मात्र दलित छात्रा हुन्। स्थानीय शिक्षक प्रकाशबहादुर ऐरका अनुसार दलित समुदायका छात्रा कोही पनि सात कक्षा पुगेका थिएनन्, प्रायः कक्षा पाँचसम्म पूरा गरेपछि विद्यालय छाड्ने गरेका थिए।

एसएलसीसम्म उत्तीर्ण गर्ने भागिरथीको धोको छ। तर, शिक्षक ऐर चिन्ता व्यक्त गर्छन्, "यिनले (भागिरथीलाई ईंगित गर्दै) एसएलसी पूरा गर्लिन् भन्नेमा शंकै छ।" उनको विहे असिग्राम -२, जर्मनाका शंकर कामीसँग गत वैशाखमा भइसकेको छ। विहेपछि धेरै छात्राहरूले विद्यालय छाड्ने गरेको अनुभव विद्यालयका शिक्षक तिलकबहादुर मल्लको छ। विहेपछि ८/९ दिन मात्र घरमा बसेको बताउँदै उनी भन्छिन्, "घरमा आउनू भन्ने तारताकेता र दवाव धेरै आएको छ तर जान मानेकी छैन। अहिलेसम्म माइतीमै बसेर विद्यालय गइरहेको बताउँदै उनी भन्छिन्, "अर्को साल उतै (घरमा) जानुपर्ला।" अध्ययनका लागि उनका श्रीमान्ले सक्दो सहयोग गरेका छन्। उनी महेन्द्र उच्च मावि, खलङ्गाबाट कक्षा १२ को परीक्षा दिएर बसेका छन्।

यस भेगमा ७/८ वर्षको उमेरसम्म विद्यालय पठाउने त्यसपछि छोडाउने चलन अभिभावकहरूमा छ। कामीले पनि चार वर्षअघि बुबाको मृत्युपछि तीन वर्ष विद्यालय छाडेकी थिइन्। एसएलसीसम्मको अध्ययनमा परिवारले सहयोग गर्ने कुरामा उनी ढुक्क छिन्। उनी भन्छिन्, "एसएलसीसम्म पढ्न पाउने शर्तमा मैले विवाह गरेकी हुँ।"

तर आजसम्मको सामाजिक मानसिकता हेर्दा उनको चाहनाले धोका पाउनेमा शंका व्यक्त गर्छन् शिक्षक ऐर। उनी भन्छन्, "पहिलो वर्ष सर्त माने पनि दोस्रो वर्षदेखि शर्त भंग हुने सम्भावना प्रवल छ।

● एमडी कुलुङ

यूनिसेफ र एमएस नेपालको सहयोगमा शिक्षा पत्रकार समूह, अनामनगरद्वारा प्रकाशित, फोनः ४२५७६५५, फ्याक्सः ४२१८६८६ इमेलः junkiri@ejg.org.np, वेवसाइटः www.ejg.org.np, पो.ब.नं. २१८४३, मुद्रणः युनाइटेड ग्राफिक्स प्रिन्टर्स, न्यूप्लाजा, काठमाडौं, सम्पादनः पदम गौतम